धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १ ◆ २०८३ साउन १ गते शुक्रबार, Friday, July 17, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## नीलकण्ठको सार्वजनिक सुनुवाई सम्पन्न

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेंसी। नीलकण्ठ नगरपालिका वडा नम्बर १३ मा आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम, बजेट तथा सेवा प्रवाहसम्बन्धी वडा तथा नगरपालिका स्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहभागी स्थानीय नागरिकले कृषि, शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन र पूर्वाधारका क्षेत्रमा सुधार गर्न माग गरेका छन्।

वडा अध्यक्ष सोम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय नागरिकले वडा कार्यालय तथा नगरपालिकाको कार्यसम्पादन, योजना कार्यान्वयन र सेवा प्रवाहबारे गुनासा, सुझाव तथा अपेक्षा प्रस्तुत गरेका थिए।

सहभागीले गाउँमा कृषि तथा पशु स्वास्थ्य प्राविधिक नियमित रूपमा नपुगेको, वडा सचिवको अभाव रहेको तथा बजेट समानुपातिक रूपमा वितरण हुनुपर्ने विषय उठाएका थिए। उनीहरूले कृषि अनुदानलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन तथा विद्यार्थी सुरक्षित रूपमा विद्यालय पुग्न सक्ने सडक र बाटोको व्यवस्था गर्न माग गरे। त्यस्तै, योजना फछ्र्यौटमा हुने ढिलाइ अन्त्य गर्नुपर्ने, विपद् पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने र विपद्बाट प्रभावित विद्यालयको मर्मत कार्य शीघ्र सम्पन्न गर्नुपर्ने माग पनि गरिएको थियो। माध्यमिक विद्यालयमा वैकल्पिक ऊर्जाको व्यवस्था गर्न र सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने सुझावसमेत नागरिकले दिएका थिए।

सार्वजनिक सुनुवाइमा उठेका प्रश्न तथा जिज्ञासाको जवाफ कार्यवाहक नगरप्रमुख दीपक विश्वकर्माले दिएका थिए। निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद रिजालले आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा वडा नम्बर ११ का अध्यक्ष रामबहादुर श्रेष्ठ, वडा नम्बर १२ का अध्यक्ष धर्मराज भण्डारी, नगरपालिकाका शाखा प्रमुख, कार्यपालिका सदस्य तथा विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिको उपस्थिति थियो।

## मिटरब्याजबाट प्रभावितको माग सम्बोधन गरिने

काठमाडौं। सरकारले अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटाको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो। वार्ता टोलीमा अर्थ मन्त्रालय, गृह मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सदस्य रहनेछन्।

त्यसैगरी, एक रुपैयाँ र दुई रुपैयाँ दरका नयाँ डिजाइनका सिक्का टक्मरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति प्रदान गरिएको छ। नेपाल कानुन सूचना पाइलट प्रणाली स्थापना गर्न कोरिया सरकारबाट प्राप्त हुने एक दशमलव ८१ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि बैठकले गरेको छ।

मन्त्रिपरिषद् बैठकले संरक्षित क्षेत्रभित्रको राष्ट्रिय वनक्षेत्रमा पहिले स्वीकृति प्राप्त आयोजनाका लागि आवश्यक थप रूख तथा खम्बा हटाउन प्रचलित कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित मन्त्रालयले स्वीकृति दिनसक्ने व्यवस्था गरेको छ।

त्यसैगरी, विभिन्न मन्त्रालय हरूको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरिएको छ भने नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ पनि स्वीकृत गरिएको छ। बैठकले सेवा करारमा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धी व्यवस्था पनि स्वीकृत गरेको सरकारको निर्णयमा उल्लेख छ।

## नेप्से परिसूचक सात अंकले बढ्यो

काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार झिनो अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ५० अङ्कले बढेर दुई हजार ५९७ दशमलव ८० मा पुगेको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९२ अङ्कले उकालो लागेर चार सय ५६ दशमलव ८६ मा पुगेको छ। त्यस्तै फ्लोट सूचक शून्य दशमलव ६१ अङ्कले बढेर एक सय ७८ दशमलव ५७ मा पुगेको छ। सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९३ अङ्कले बढेर एक सय ५४ दशमलव ४३ मा पुगेको छ। बिहिबार विभिन्न कम्पनीका ९४ लाख ६९ हजार ९९ कित्ता शेयर रु चार अर्ब ५६ करोड २९ लाख ५० हजार ७०० मूल्यमा खरिद बिक्री भएको छ। आज १३ मध्ये नौ उपसमूह बढ्यो भने चार उपसमूह घटेको छ।

बिहीबार एक सय २० कम्पनीको शेयर बढ्दा १५२ कम्पनीको घटेको छ भने तीन कम्पनीको शेयर मूल्य स्थिर रहेको हो। नेप्सेका अनुसार एनआइबिएल ग्रोथ फण्ड, फष्ट माइक्रो फाइनान्स, चिर्ख्वा हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् भने कर्पोरेट डेभलपमेन्ट बैंक, एनआइसी एसिया फ्लेक्सी क्याप फण्ड र भुजुङ हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# महिला उद्यमीका समस्या समाधान गर्न प्रतिबद्ध छौंः प्रधानमन्त्री वालेन्द्र शाह

❑ *प्रत्यूष समाचारदाता*



काठमाडौं। प्रधानमन्त्री वालेन्द्र शाहले महिला उद्यमीहरूको उद्यमशीलता विकासका लागि हरसम्भव सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार महिला उद्यमी महासङ्घ नेपालका पदाधिकारीसँग भएको छलफलमा उहाँले महिला उद्यमीका समाधान गर्न सरकार सक्रिय रहेको तथा उनीहरूले उत्पादन गरेका वस्तुको पर्यटकीय स्थलहरूमा प्रवर्द्धन गर्ने वातावरण निर्माण गरिने बताउनुभयो।

छलफलमा महासङ्घका प्रतिनिधिले व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न, वस्तु तथा सेवालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुऱ्याउन विशेष कार्यक्रम सञ्चालन गर्न तथा व्यापार मेला, प्रदर्शनी, 'बिजनेस-टु-बिजने म्याचिङ' र निर्यात प्रवर्द्धनका कार्यक्रममा अनिवार्य सहभागी हुन आग्रह गर्नुभयो।

महासङ्घले विकास गरेको 'म उद्यमी ट्रेडमार्क'लाई स्थापित गर्न भएको आग्रहप्रति प्रधानमन्त्री शाहले सकारात्मक जवाफ दिँदै उक्त ट्रेडमार्कलाई शीघ्र बजारमा ल्याउन सुझाउनुभयो। छलफलका क्रममा महासङ्घको वार्षिक अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलामा सरकारको संस्थागत सहकार्यको माग पनि गरिएको थियो। साथै, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा आवश्यक व्यवस्था गरी महिला उद्यमीलाई सार्वजनिक खरिद प्रक्रियामा प्राथमिकता दिन तथा सरकारी कार्यालय र शैक्षिक संस्थाले महिला उद्यमीका वस्तु तथा सेवा खरिद गर्नुपर्ने व्यवस्था लागू गर्न अनुरोध गरिएको थियो। महिला उद्यमीहरूले वित्तीय सहुलियत वास्तविक उद्योगीसम्म पुग्न नसकेको गुनासो गर्दै उक्त सुविधा गाउँ-गाउँसम्म विस्तार गर्न, पहुँच बढाउन तथा पुँजी अभावका कारण उद्यम रोकिन नदिन धितोको वैकल्पिक व्यवस्था गर्न पनि सरकारसँग माग गर्नुभयो।

महिला उद्यमीहरूको छाता संस्था महासङ्घलाई सरकारका नीति निर्माण तथा निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने माग गर्दै उहाँहरूले स्थानीय तहमा सीपमूलक तालिम सञ्चालनका लागि महासङ्घले दक्ष स्रोत व्यक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। आफ्ना समस्या गम्भीरपूर्वक सुनेर तत्काल पहल सुरु गरिदिनुभएकामा उहाँहरूले प्रधानमन्त्री शाह समक्ष कृतज्ञता समेत व्यक्त गर्नुभयो। "प्रधानमन्त्रीले हामीलाई सुन्नु मात्र भएन उहाँले समस्याको समाधानका लागि तत्काल पहल अघि बढाउनेदेखि आवश्यक सबै किसिमका सहकार्य गर्न तत्परता देखाउनुभयो", महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठले भन्नुभयो, " एक्सन ओरिएन्टेट प्रधानमन्त्रीसँगको संवादले महिला उद्यमशीलताको प्रवर्द्धनमा मद्दत हुने हाम्रो विश्वास छ।" महिला उद्यमशीलताको प्रवर्द्धन, लगानी तथा वित्तीय पहुँच विस्तार, उद्यममैत्री नीतिगत सुधार, सीप तथा क्षमता विकास, नवप्रवर्तन, डिजिटल उद्यमशीलता तथा महिला नेतृत्वमा आधारित उद्यमहरुको दिगो विकास सम्बन्धमा छलफल भएको थियो।

## रोजगारी र सीप विकासमा निजी क्षेत्रसँग सहकार्य गर्न प्रतिबद्ध छौंः श्रममन्त्री

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। युवा, श्रम तथा रोजगार मन्त्रालयले आन्तरिक रोजगारको वातावरण सिर्जना गर्न निजी क्षेत्रका सरोकार भएका निकायका प्रतिनिधिहरूसँग छलफल गरेको छ। मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा यसका लागि आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यस्थलमा आधारित तालिम र प्रशिक्षार्थी कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा जोड दिइएको हो।

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवको अध्यक्षतामा बसेको बैठकमा सरकारले आगामी दशकलाई 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा गरेको सन्दर्भमा मन्त्रालयले सोहीअनुरूप श्रम व्यवस्थापनका सम्बन्धमा नयाँ नीति र सोचसहित कार्य गरिराखेको जनाइएको छ। मन्त्रालयले आगामी आवमा १२ वटा भन्दाबढी प्रमुख आन्तरिक रोजगारी कार्यक्रम सञ्चालन गर्न कार्यस्थलमा आधारित प्रशिक्षार्थी तालिम दिने योजना अघि सारेको छ। हाल सञ्चालित 'श्रम संसार' अनलाइन पोर्टललाई व्यवस्थित गरिने जानकारी दिइएको छ।

छलफलमा सहभागी निजी क्षेत्रका प्रतिनिधिहरूले सरकारले निजी क्षेत्रलाई केवल 'साक्षी'का रूपमा हेरिएको बताएका छन्। सोविषयलाई सम्बोधन गर्दै मन्त्री यादवले निजी क्षेत्रलाई केवल 'साक्षी'का रूपमा मात्रै नभएर 'साझेदार'का रूपमा लिने र आपसी सहकार्य र समन्वयबाट अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो। छलफलमा मन्त्री यादवले भन्नुभयो, "आन्तरिक रोजगारी र सीप विकासका लागि सरकार निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी अघि बढ्न प्रतिबद्ध छ।"

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधिहरूले तालिम मागमा आधारित हुनुपर्ने र पाठ्यक्रम निर्धारणदेखि प्रमाणीकरणसम्म निजी क्षेत्रको सहभागिता हुनुपर्नेमा जोड दिएका छन्। बजारको आवश्यकता र उपलब्ध जनशक्तिबीच तालमेल मिलाउन कार्य विशिष्ट तालिममा जोड, प्रशिक्षार्थी राख्ने साना उद्योगलाई विद्युत् जडानमा सहजता, कर कट्टा र घर भाडामा छुट, रोजगारीमा लैङ्गिक सन्तुलन कायम गर्ने रोजगारदातालाई पुरस्कृत गर्नुपर्ने, महिला उद्यमीका लागि अनुमतिपत्र लिने प्रक्रिया सहज बनाउनुपर्नेलगायत विषयमा छलफल भएको छ।



## सम्पादकीय ....

### अग्रसरताको खाँचो

स-साना बजार-हटियासहितको ग्रामीण जनजीवन भएका स्थानहरूमा नयाँ शहरहरू बनाइँदै छन्, जुन भोलिका दिनमा सम्बन्धित क्षेत्रकै आर्थिक तथा प्रशासनिक केन्द्रका रूपमा रूपान्तरण हुनेछन् । अहिले अनुमान गरिएभन्दा पनि धेरै क्षेत्र ओगटेर घना बजार बस्नेछन् र तदनुरूप जनसंख्या तथा प्रदूषण उत्सर्जनका गतिविधि तीव्र गतिमा बढ्नेछ। फलस्वरूप विद्यमान सूक्ष्म-मौसमी विविधता, वातावरणीय स्वच्छता एवं मौलिक पारिस्थितिकीय प्रणालीलाई उल्लेख्य असर पार्न सक्ने देखिन्छ। यी दश र अन्य धेरै शहर स्वस्फूर्त बस्न गएमा मध्य-पहाडी भेगको मौलिक पारिस्थितिकीय प्रणालीमा ठूलो असर पर्न सक्छ । समस्या आउँदै गर्छन्, समाधान गर्दै जाउँला भनेर शहर तथा अन्य विकास निर्माणका कार्यसमेत स्वस्फूर्त रूपमा अगाडि बढ्न दिनु कदापि बुद्धिमानी हुन सक्दैन । विगतमा गरिएका यस्तै हेलचेक्र्याइँको असर आज देखिंदै छन्, जसको निराकरण अत्यन्तै महँगो पर्न जाने स्पष्ट छ, जुन सम्भव नहुन पनि सक्छ ।

आजभन्दा तीन दशकअघिको उपत्यकाको सूक्ष्म-मौसमी विविधता, वातावरणीय स्वच्छता एवं मौलिक पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना असम्भवप्रायः देखिन्छ। कम्तीमा अब बन्ने नयाँ शहरी क्षेत्रले काठमाडौंकै नियति भोग्न नपरोस् भन्नेमा सजग रहन अत्यन्तै जरुरी छ। त्यसैले, नयाँ बन्ने शहरहरूको गहन अध्ययन अनुसन्धान गरी मौजुदा सूक्ष्म-मौसमी विविधता, वातावरणीय स्वच्छता एवं मौलिक पारिस्थितिकीय प्रणालीको नक्सांकन, पर्ने असरको भरपर्दो मूल्यांकन र अपनाइने न्यूनीकरणका लागि सुझाइएका उपायको प्रभावकारिता सबै अंकमा सुनिश्चित गरी शहरी विकासको शुरूआतदेखि नै असर न्यूनीकरणका उपाय अवलम्बन गरी दृढ इच्छाशक्तिका साथ कार्यान्वयन गर्दै जानु वाञ्छनीय हुन्छ ।

यसै सन्दर्भमा नयाँ शहरी विकास आयोजना समन्वय कार्यालय, शहरी विकास तथा भवन निर्माण विभाग तथा राष्ट्रिय वायुमण्डलीय स्रोत तथा वातावरण अनुसन्धान प्रयोगशाला (नारेल), त्रिभुवन विश्व विद्यालयको सहकार्यमा मध्य-पहाडी क्षेत्रमा बन्दै गरेका दश नयाँ शहरमध्येको एक डुम्रे-भन्सार नयाँ शहर विकास क्षेत्रमा नमूना अनुसन्धान गरिएको थियो। यस नमूना अनुसन्धानले डुम्रे-भन्सार नयाँ शहरको मध्यविन्दुलाई केन्द्र मानी वरिपरिको ४,९०० वर्ग किलोमिटर क्षेत्रफल समेटेर सोभित्र पर्नसक्ने प्रभावबारे हरेक १ वर्ग किलोमिटरमा हाल विद्यमान मौसमी र वायु प्रदूषणको अवस्था, शहर बनेपछि तिनको परिवर्तित अवस्था र असर न्यूनीकरणका लागि सुझाइएको नमूना शहरजस्तै बनाइए त्यसबाट हुने फाइदा सबैलाई तथ्यांकीकृत गरी नक्सांकन गरेको छ ।

हाम्रोजस्तो आहार र विहारकै समस्या भोगिरहेको देशमा विकसित देशहरूले जस्तो महँगा अनुकूलनका विधि अपनाउन सकिने अवस्था छैन । त्यसैले प्रकृतिमा आधारित समाधान खोज्नु नै श्रेयस्कर हुने हुनाले न्यूनीकरणका उपाय सुझाउने क्रममा हरियाली प्रवर्धित शहरको विकास गर्दा कतिको अनुकूलित हुन्छ भन्ने नमूना अध्ययनसमेत गरिएकोमा परिणाम उत्साहजनक देखिएको छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## ध्रुवेको आतङ्क कहिलेसम्म ?

*सनद अधिकारी*

चितवन राष्ट्रिय निकुञ्जको घना जङ्गलभित्र रहेको 'ध्रुवे' हात्तीले विगत लामो समयदेखि आसपासका मानव बस्ती र निकुञ्ज प्रशासनका साथै सरकार र समाजलाई झस्काएको छ ।

असार २० गते राति ध्रुवे हात्तीको आक्रमणबाट दुई जना स्थानीयले ज्यान गुमाएपछि पश्चिम चितवन फेरि एकपटक त्रासको भुमरीमा पर्यो । लगत्तै फेरि पनि आसपासका घरमा जाने, भत्काउने र पटकपटक बस्तीमा पस्न थालेपछि त्रसित र आक्रोशित स्थानीयको माग थियो, 'ध्रुवेको आतङ्क कहिलेसम्म ?' पर्दा पछाडि निकुञ्ज प्रशासन, नेपाली सेना र राष्ट्रिय प्रकृति संरक्षण कोषको एउटा टोली बाढी, झरी र बढेको झाडीको वास्ता नगरी निकुञ्जको कोर क्षेत्रमा एउटा अदृश्य लक्ष्यमा जुटिरहेको थियो । तीन सिफ्ट (पालो)मा विभाजित भएर १० दिनसम्म गरिएको अथक प्रयासपछि असार ३१ गते राति १०:३० बजे टोलीले ध्रुवेलाई सुखीभार क्षेत्रबाट नियन्त्रणमा लियो । यो केबल एउटा हात्ती नियन्त्रणको कथा मात्र होइन, यसपटक यसको जैविक रिस शान्त पार्ने र प्रविधिको उच्चतम् प्रयोग गर्ने एउटा जटिल 'मेडिकल अपरेसन' पनि थियो ।

जङ्गलभित्रको त्यो कठिन खोज र ध्रुवेको जैविक 'रिस'

असार २० को घटनालगत्तै प्राविधिक टोलीले ध्रुवेको खोजी तीव्र बनाएको थियो । चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी अविनाश थापामगरका अनुसार वर्षाको मौसम र बढेको झाडीका कारण खोजी निकै असहज र चुनौतीपूर्ण बनेको थियो । उहाँले अभियानको सफलता र प्रविधिको सुरुआतबारे भन्नुभयो, "हाम्रो संयुक्त टोलीले तीन सिफ्ट गरेर दुई वटा टोली परिचालन गरेका थियौँ । बुधबारमात्रै निकुञ्जको कोर क्षेत्र सुखीभार पोष्टको २०० मिटर पूर्वक्षेत्रमा त्यसलाई 'डार्ट'गरेर बेहोस बनाई 'स्याटेलाइट कलर' राख्न सफल भएका छौँ । यो स्याटेलाइट कलर पहिलेकोभन्दा अलिकति आधुनिक छ ।"

विगत २५ वर्षदेखि राष्ट्रिय प्रकृति संरक्षण कोषमा भेटेरिनरी प्राविधिकका रूपमा कार्यरत किरणराज रिजालका अनुसार जङ्गलको यो महाबलीलाई नियन्त्रणमा लिनु प्राविधिक रूपमा निकै चुनौतीपूर्ण थियो। उहाँले भन्नुभयो, "हामीलाई हात्तीको पहिचान गर्न र नियन्त्रणमा लिन एकदम गाह्रो छ । जङ्गलमा देख्नेबित्तिकै हामी डार्ट गर्न सक्दैनौँ, किनभने हाम्रो डार्टले २५ देखि ३० मिटरभन्दा बढी काम गर्दैन । हात्तीलाई झुक्याएर हामीले ल्याएको मार्गमा आएपछि मात्र डार्ट गर्न सम्भव हुन्छ ।" हात्तीलाई लठ्याउने र बेहोस बनाउने काम निकै सावधानीपूर्वक रहेको भन्दै रिजालले यो काम दुई चरणमा गरिएको जानकारी दिनुभयो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जापुनले रातको घटनाक्रमका बारेमा भन्नुभयो, "हामीले ध्रुर्वे हात्तीलाई कसरी डार्ट गर्न सकिन्छ, यसको नियन्त्रण र व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा निरन्तर लागिपरेका थियौँ । असार ३१ गतेको बेलुकी साँझ ७:०० बजेतिर एउटा लठ्याउने औषधि 'जाइलाजिन' दियौँ। औषधि दिएर हात्ती त्यहाँ लट्ठिएर बसिरहेको अवस्था थियो । त्यसपछि हामीले अर्को बेहोस बनाउने औषधि 'जनरल एनेस्थेसिया एम९९' दियौँ र बेहोस भएपछि ९:३० बजेदेखि काम सुरु गरेर १०:३० बजेतिर रेडियो कलर लगाउन सफल भइयो।"उक्त रात औषधि दिइसकेपछिको शारीरिक जोखिम र नियन्त्रणको पाटोबारे प्राविधिक रिजालले थप्नुभयो, "करिब ७:३० बजे हामीले डार्ट गर्यौं, जसले हात्तीलाई झुम्म बनाई खुट्टा चलाउन नसक्ने बनाउँछ। हात्ती उभिएपछि ९:३० बजे पूर्ण बेहोस बनाउने 'एम९९' औषधि दियौँ, जसको १० मिनेटमा हात्ती ढल्यो। हात्ती ठूलो जनावर भएकाले लड्ने क्रममा पेटले फोक्सो थिचेर क्षति हुने डर हुन्छ, तर ध्रुवे सहिजै लड्यो।" प्राविधिक टोलीले केबल ४० मिनेटभित्र कलर जडान, दाह्रा काट्ने र औषधोपचारको काम सकेर अन्य थप औषधि दिएको पाँच मिनेटमा ध्रुवे सकुशल उठेर जङ्गलतर्फ लागेको रिजालले जानकारी दिनुभयो । वैज्ञानिक तथ्यहरूका अनुसार हात्तीले मान्छेलाई आक्रमण गर्नु केबल उसको स्वभाव मात्र होइन, बरु यो उसको जैविक र शारीरिक हार्मोनसँग जोडिएको विषय हो ।

सूचना अधिकारी थापामगरका अनुसार हात्ती एउटा सामाजिक प्राणी हो, तर समूहबाट छुट्टिएका कतिपय मत्तहात्तीहरू मस्त वा मत्त चढेका बेला उग्र हुने गर्दछन् । गाउँबस्तीमा धान र भेलीजस्ता बाली खान आउँदा मानिससँग जम्काभेट वा प्रतिकार हुँदा रिसको भाव जागृत भई क्षति पुर्याउने गर्छ। यही मत्त हुने शारीरिक हर्मोनलाई नियन्त्रण गर्न यसपटक प्राविधिक टोलीले विशेष औषधि प्रयोग गरेको छ । प्राविधिक रिजालले भन्नुभयो, "यसपटक हामीले डार्ट गरेर उसको त्यो 'मस्त' हुने हर्मोनलाई कम गर्ने 'जीएनआरएच एनालग' औषधि पनि लगाएका छौँ । यसपटक उसलाई सामान्य व्यवहारमा ल्याउन र जङ्गलमै चर्न मद्दत गर्नेछ । यो औषधिको प्रभाव ७२ घण्टापछि सुरु हुन्छ र करिब डेढ महिनासम्म रहन्छ।"

दाह्रा काटिनुको रहस्यः 'जियो फेन्सिङ' प्रविधि र सहअस्तित्व

यसपटक ध्रुवेको दाह्रा पनि छ इन्च काटिएको प्राविधिक रिजालले जानकारी दिनुभयो । दाह्रा काट्दा हात्तीको शारीरिक अवस्थामा कुनै असर नपर्ने वैज्ञानिक तथ्य रहेको छ। सूचना अधिकारी थापामगरले भन्नुभयो, "२०८० सालमा पनि यसको दाह्रा काटिएको थियो । अहिले केही बढेको देखिएकाले छ इन्च मात्रै काटेका छौँ । यसले भौतिक संरचनामा क्षति पुऱ्याउन कम गर्ने र यसको रिसको प्रकृतिमा पनि केही परिवर्तन आउने अनुमान छ । पछिल्लो विवरणअनुसार ध्रुवे हात्ती सेरीतालतिर रहेको देखिएको छ ।"

दाह्रा काट्नुको पछाडि मनोवैज्ञानिक कारण रहेको प्रष्ट पार्दै प्राविधिक रिजालले भन्नुभयो, "दाह्रा काटिदिएपछि हात्तीको मनोबल घट्छ र म त कमजोर भएछु भन्ने परेर बस्तीमा नआओस् भन्ने हाम्रो उद्देश्य हो।" त्यस्तै, यसपटक ध्रुवेको घाँटीमा जडान गरिएको स्याटेलाइट रेडियो कलर पहिलेको भन्दा निकै अत्याधुनिक छ। यो नयाँ प्रविधिको विशेषता र काम गर्ने शैलीबारे सूचना अधिकारी मगरले भन्नुभयो, "यसलाई हामीले कति समयको अन्तरालमा तथ्याङ्क लिने भनेर निर्धारण गर्न सक्छौँ । अन्तराल जति छोटो राख्यो, ब्याट्रीको खपत त्यति बढी हुन्छ । त्यसैले भित्र कोर क्षेत्रमा हुँदा लामो र बाहिर निस्कँदा छोटो अन्तराल राख्न सकिन्छ। नक्सामा रेखाङ्कन गर्ने 'जियो फेन्सिङ' प्रविधिमार्फत हात्तीले त्यो रेखा काट्नेबित्तिकै हामीलाई सन्देश आउँछ। यसले गर्दा हात्ती मानव बस्तीमा छिर्न लागेमा विगतको भन्दा छिटो थाहा पाउन सकिन्छ।" नयाँ प्रविधिले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र उद्दार टोली परिचालनमा खेल्ने भूमिकाबारे प्रमुख संरक्षण अधिकृत पुर्जापुनले भन्नुभयो, "ध्रुर्वेमा जडित रेडियो कलरले समयसमयमा, १०-१० मिनेटको फरकमा हामीकहाँ सूचना पठाउँछ र हामीले त्यो पठाएको सूचना हेरिरहेका छौँ। अहिले हात्ती सुखीभारबाट एक-एक दशमलव पाँच किलोमिटर पूर्व-उत्तरतिर रहेको देखिएको छ । यो यदि मध्यवर्ती क्षेत्रमा गयो भने हामी कहाँ एउटा सन्देश आउँछ । उक्त सन्देश प्राप्त भइसकेपछि हामीले स्थानीयलाई सूचना दिनेदेखि लिएर हामी पनि उद्दारमा हुने काम गर्छौं र थप क्षति हुन दिने छैनौँ ।"

स्थानीय बासिन्दाको आक्रोश र निकुञ्ज प्रशासनमाथि उठेका प्रश्नहरूबारे प्रमुख संरक्षण अधिकृत पुनले थप प्रष्ट पार्दै भन्नुभयो, "एक किसिमले हामीलाई एउटा चुनौती थियो। स्थानीय जनताले निकुञ्ज प्रशासन र सेनासहितको टोलीले काम गरेन भन्नुभएको थियो। तर हामीले भित्रभित्र काम गरिराखेका थियौँ । हात्तीलाई भित्र धेरै पटक देखेका थियौँ। व्यवस्थापन गर्न ठीक डार्ट टोली र प्राविधिक टोलीले उपयुक्त ठाउँमा भेट्न पर्थ्यो र त्यो उपयुक्त ठाउँको खोजीमा थियौँ । हिजो सुखीभारमा आइसकेपछि काम गर्न सफल भइयो।" निकुञ्ज प्रशासनले आफ्नो शतप्रतिशत क्षमता लगाएर काम गरिरहेको अवस्थामा मानव र वन्यजन्तुबीचको द्वन्द्व पूर्ण रूपमा कम गर्न स्थानीयको सहयोग र सचेतता उत्तिकै आवश्यक रहेको अधिकारीहरूको भनाइ छ ।

ध्रुवेको घाँटीमा स्याटेलाइट कलर जडान गरिएको यो चौथो पटक हो। पहिलो पटक २०६६ मङ्सिरमा मानिस मारेपछि यो हात्तीले हालसम्म २५ जनाको ज्यान लिइसकेको निकुञ्ज प्रशासनले जनाएको छ। यसअघि प्रत्येक एक घण्टाको फरकमा भौगोलिक अवस्थाका बारेमा विवरण प्राप्त हुने गरेकामा अब १५-१५ मिनेटको छोटो अन्तरालमा ध्रुवे रहेको स्थानको विवरण प्राप्त हुने प्रमुख संरक्षण अधिकृत पुनले जानकारी दिनुभयो। यो अत्याधुनिक प्रविधिको पहरेदारी र जैविक उपचारले ध्रुवेलाई जङ्गलभित्रै सीमित राख्न र पश्चिम चितवनवासीलाई त्रासदीबाट मुक्त गरी मानव-वन्यजन्तुबीच सुरक्षित सहअस्तित्व कायम गर्न महत्त्वपूर्ण मद्दत पुर्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- **कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,**
- **अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,**
- **पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,**
- **कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,**
- **पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,**
- **शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,**
- **पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,**
- **स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।**

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# एक वर्षमा २७४ जनामा डेंङ्गु

चितवन । चितवन जिल्लामा गएको एक वर्षमा २७४ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयका कीट नियन्त्रक राम केसीका अनुसार १० हजार ५२३ जनाको परीक्षण गरिएकामा उक्त सङ्ख्यामा डेङ्गको सङ्क्रमण देखिएको हो । सङ्क्रमितमध्ये २१६ जना चितवन र बाँकी ५८ जना अन्य जिल्लाका रहेका छन् । त्यसमध्ये सबैभन्दा बढी रत्ननगर नगरपालिकामा ८७ जनामा डेङ्गु देखिएको उहाँले बताउनुभयो ।

भरतपुर महानगरपालिकाका ५६ जना, खैरहनी नगरपालिकामा ३५ जना, राप्ती नगरपालिकाका २१ जना, कालिका नगरपालिकाका ११ जना, माडी नगर पालिकाका तीन जना र इच्छाकामना गाउँपालिकाका तीन जनामा डेङ्गुको सङ्क्रमण देखियो । गत आर्थिक वर्षमा तीन हजार ८८९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । १७ हजार ३५३ जनाको परीक्षणका क्रममा उनीहरुमा डेङ्गु देखिएको केसीले बताउनुभयो । सो आर्थिक वर्षमा डेङ्गुका कारण एक जनाको मृत्यु भएको थियो ।

वर्षा हुने र घाम लाग्ने हुँदा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेष गरी भदौ र असोजमा डेङ्गु रोग बढी देखिने गरेको छ ।

एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट डेङ्गु रोग सर्ने चिकित्सक बताउँछन् । उक्त लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्ने केसीले जानकारी दिनुभयो । उक्त लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरु, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुला पानीको ट्याङ्की, आदिमा फुल पार्ने उहाँको भनाइ छ । डेङ्गु लागेपछि आँखाको गेडी तथा टाउको, शरीर, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने तथा शरीरमा बिबिरा आउने रक्तस्राव हुने र उच्च ज्वरो आउने जस्ता लक्षण देखापर्ने जिल्ला जनस्वास्थ्य कार्यालयको भनाइ छ । वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने जस्ता लक्षण देखापर्छ ।

डेङ्गु ज्वरोबाट बच्नु लामखुट्टेको टोकाइबाट जोगिन पर्ने जनस्वास्थ्य कार्यालय चितवनले जनाएको छ । यस्तै आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, पुराना टायर आदिमा पानी जम्न नदिने रहेको केसीले बताउनुभयो ।

# समकक्षता निर्धारणको काम अनुदान आयोगबाट

काठमाडौँ । विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको उपाधि समकक्षता निर्धारणको काम थालेको छ ।

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले समकक्षता निर्धारण गर्दै आएकामा २०८३ साल साउन १ गते आयोगले सो गर्ने भएको हो ।

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले बिहीबार सूचना प्रकाशित गर्दै 'केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२' को दफा २८ बमोजिम विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ मा संशोधन भएकाले विसं २०८३ को साउन १ गतेदेखि उक्त कार्य आयोगले गर्ने गरी व्यवस्था भएको जनाएको हो ।

उक्त कानुनमा भएको नयाँ संशोधन र व्यवस्थासँगै अब उच्च शिक्षाको उपाधि समकक्षता निर्धारण गर्ने सम्पूर्ण जिम्मेवारी विश्वविद्यालय अनुदान आयोगमा सरेको हो ।

यो नयाँ कानुनी व्यवस्था कार्यान्वयन हुने भएपछि त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले अबदेखि समकक्षताका लागि नयाँ आवेदन लिने कार्य बन्द गरिएको पनि सूचित गरेको छ ।

# शिक्षामन्त्रीसँग जापानी राजदूत तोरुको शिष्टाचार भेटवार्ता

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि जापानी राजदूत मायदा तोरुले बिहीबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा उहाँहरुबीच नेपाल-जापानबीचको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध, साझा हित तथा बहुआयामिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको छ । आगामी दिनमा शिक्षा क्षेत्रमा गर्न सकिने सम्भावित सहकार्यका क्षेत्रबारे पनि उहाँहरुबीच विचार-विमर्श भयो ।

भेटका क्रममा नेपाल सरकारको प्रवक्ता समेत रहनुभएका मन्त्री पोखरेलले नेपाल र जापानबीचको ऐतिहासिक, मैत्रीपूर्ण तथा विश्वासमा आधारित सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सार्वजनिक शिक्षा सुधारका लागि सरकार प्रतिबद्धताका साथ अघि बढिरहेको उल्लेख गर्दै भन्नुभयो, "सार्वजनिक शिक्षा सुधारका चुनौतीहरू छन् । त्यसलाई स्वीकार्नु नै सुधारको प्रारम्भिक पूर्वशर्त हो । त्यसमा शिक्षा तथा खेलकुद मन्त्रालय पूर्ण रूपमा प्रतिबद्ध छ ।"

मन्त्री पोखरेलले शिक्षामा गरिएको लगानीको प्रतिफल प्राप्त हुन समय लाग्ने भएतापनि सुधार र परिवर्तनको प्रक्रिया तत्काल सुरु गर्नुपर्ने भएकाले विद्यालयको भौतिक पूर्वाधार मूल्याङ्कनको काम अघि बढाइएको बताउनुभयो । सोही आधारमा आगामी दिनमा आवश्यकता अनुसार विद्यालयमा बजेट विनियोजन गरिने बताउँदै भौतिक पूर्वाधार, शैक्षिक सुविधा तथा शिक्षक तालिम लगायतका क्षेत्रमा मन्त्रालयले प्राथमिकता का साथ काम गर्ने विश्वास दिलाउनुभयो । उहाँले सुरक्षित विद्यालय पूर्वाधार, 'डिजिटल' तथा 'स्मार्ट लर्निङ', शिक्षकको पेसागत क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण लगायतका क्षेत्रमा जापान सरकारसँग सहकार्य गर्न सकिने उल्लेख गर्नुभयो ।

मन्त्री पोखरेलले जापानमा विद्यालय तहदेखि नै विद्यार्थीलाई सांस्कृतिक, मूल्य र अनुशासन सिकाउने अभ्यासलाई नेपालले पनि अनुशरण गरी संस्कृति, मूल्य-मान्यता तथा सहकार्यको भावना विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिने धारणा राख्नुभयो । मन्त्री पोखरेलले परिवर्तित सन्दर्भअनुसार नयाँ सोच र सुधारसहित सरकार अघि बढिरहेको उल्लेख गर्दै सम्भावित क्षेत्रमा जापान सरकारसँग सहकार्य गर्न नेपाल तयार रहेको बताउनुभयो ।

जापानी राजदूत तोरुले सार्वजनिक विद्यालय शिक्षा सुधारका लागि नेपाल सरकारले थालेका प्रयासमा जापान सरकारको निरन्तर सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले विद्यालय शिक्षाको सुधार र सुशासनका लागि दीर्घकालीन राजनीतिक प्रतिबद्धता, सक्षम कर्मचारीतन्त्र तथा समग्र प्रणालीको विश्वास आवश्यक हुने उल्लेख गर्दै त्यस पहलमा जापानले आवश्यक सहयोग गर्ने बताउनुभयो । उहाँले गुणस्तरीय विद्यालय शिक्षाका लागि शिक्षक तालिम अपरिहार्य रहेको उल्लेख गर्दै शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालनमा प्रभावकारी रूपमा उपयोग गर्न सुझाव दिनुभयो ।

राजदूत तोरुले सार्वजनिक शिक्षा सुधारका लागि समग्र शिक्षा प्रणालीमा सुशासन स्थापना गर्न दीर्घकालीन प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो । उहाँले शिक्षा क्षेत्रमा हुने सुधारले अपेक्षित परिणाम दिन समय लाग्ने भएकाले प्रारम्भिक चरणमै दृढ प्रतिबद्धता र धैर्य आवश्यक रहेको उल्लेख गर्नुभयो । राजदूत तोरुले नीतिगत स्थायित्व, प्रशासनिक सहजीकरण तथा पूर्वाधार विकासलाई थप गति दिन सके जापानी निजी क्षेत्रको नेपालप्रतिको आकर्षण अझ बढ्न सक्ने धारणा राख्नुभयो । सूचना प्रविधि क्षेत्रमा नेपाल-जापानबीच सहकार्य विस्तार गर्ने प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै उहाँले डिजिटल पूर्वाधार विस्तार, प्राविधिक जनशक्ति विकास, नवप्रवर्तन तथा लगानी प्रवर्द्धनका क्षेत्रमा दुई देशबीच सहकार्यलाई अझ मजबुत बनाउन सकिने बताउनुभयो ।

# पूर्वअर्थमन्त्री पौडेलसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

काठमाडौँ । पूर्वअर्थमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेललगायत १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले बिहीबार पौडेलसहित छ जना र १० वटा कम्पनीविरुद्ध मुद्दा दायर गरेको हो ।

व्यवसायी दीपक भट्टको सम्पत्ति शुद्धीरणसम्बन्धी काममा संलग्न रही मतियार को भूमिका खेलेको आरोपमा पूर्वअर्थमन्त्री पौडेलसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको विशेष अदालतको सूचनामा उल्लेख छ ।

पूर्वअर्थमन्त्री पौडेलमाथि रु २० करोड ९० लाख बिगो मागदाबी गरिएको छ । साथै विभागले उहाँको बैंक खातामा रहेको रु छ लाख ३४ हजार जफत गर्नसमेत माग दाबी गरेको छ ।

# प्रादेशिक ब्यापार ब्यवसाय ऐन शंशोधन गर्ने विधेयक दर्ता गर्न स्वीकृत प्रदान

मकवानपुर । बागमती प्रदेश मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले प्रादेशिक व्यापार तथा व्यवसाय ऐन दोस्रो संशोधनका लागि बागमती प्रदेशसभा सचिवालयमा दर्ता गर्न स्वीकृत प्रदान गरेको छ ।

सोही बैठकले २०८२ भदौ २४ गते भएको आगलागीबाट विभिन्न जिल्लाको सरकारी संरचना तथा जिन्सी सामग्री क्षति पुगेकामा हाल जिन्सी सामानको क्षतिलाई मिनाहा गर्ने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता एवं बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले संचारकर्मीहरुलाई जानकारी दिनुभयो । यसैगरी, उक्त बैठकले प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण गर्ने मस्यौदाको सैद्धान्तिक पक्षलाई सहमति दिने निर्णय गरेको उहाँले बताउनुभयो ।

## सिसी क्यामेराको निगरानीमा भरतपुर

चितवन । भरतपुर महानगरपालिकाले जिल्ला प्रहरी कार्यालय चितवनसँगको समन्वयमा २९ वटै वडामा सिसी क्यामेरा जडान गरेको छ ।

महानगरपालिकाले कुल ४१८ वटा सिसी क्यामेरा जडान गरेको सूचना प्रविधि अधिकृत विकल्प काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरको सहरी क्षेत्रमा बढी र ग्रामीण क्षेत्रका सडकमा आवश्यकताअनुसार क्यामेरा जडान गरिएको छ ।

एउटा वडामा आवश्यकताअनुसार आठदेखि २० वटासम्म क्यामेरा जडान गरिएको छ । महानगरपालिकाले चालु आर्थिक वर्षको बजेटबाट मूल्य अभिवृद्धि करसहित रु पाँच करोड ५८ लाख २० हजार ६५९ खर्च गरी क्यामेरा जडान गरेको हो ।

महानगरले पहिलोपटक आह्वान गरेको बोलपत्र प्राविधिक मूल्याङ्कनमा असफल भएपछि पुनः बोलपत्रमार्फत क्यामेरा जडान गरिएको जनाएको छ । जडान गरिएका क्यामेरामध्ये आठ वटा गति मापन गर्ने र चार वटा स्वचालित नम्बर प्लेट पहिचान गर्ने छन् । त्यस्तै, ३६० डिग्री घुमाउन र जुम गर्न मिल्ने नौ वटा छन् । गति मापन र नम्बर प्लेट पहिचान गर्ने क्यामेरा भरतपुर महानगर पालिका प्रवेश गर्ने नाकामा राखिएका छन् । मानिसको आवतजावत र भीडभाड बढी हुने मुख्य सहरी क्षेत्रमा जडान गरिएको क्यामेरा प्रभावकारी देखिएको छ ।

प्रहरीको अध्ययनका आधारमा संवेदनशील क्षेत्र पहिचान गरी क्यामेरा जडान गरिएको हो । साथै, नेपाल टेलिकमको तार प्रयोगका लागि टेलिकमसँग सम्झौता भएको छ । महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीका अनुसार नेपाल टेलिकम भरतपुरको जिपिएन नेटवर्क प्रयोग गरेबापत वार्षिक रु ४७ लाख भुक्तानी गर्ने गरी सम्झौता गरिएको छ ।

सिसी क्यामेराको मनिटर जिल्ला प्रहरी कार्यालयमा रहेको छ । यसले ट्राफिक व्यवस्थापनमा सहजता ल्याउने, सडक दुर्घटना न्यूनीकरण गर्न सहयोग गर्ने, अपराध नियन्त्रण तथा शान्तिसुरक्षामा प्रभावकारी भूमिका खेल्ने महानगरको विश्वास छ । महानगरपालिकाले समग्र सहरी क्षेत्रलाई लक्षित गरी सिसी क्यामेरा जडान गरिएको जनाएको छ ।

# पोखरा बसपार्कका सुकुमवासीको ब्यवस्थापन प्रक्रिया अघि बढ्यो

कास्की । पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रभित्रका व्यापारिक संरचना हटाएपछि महानगरले सुकुमवासीको व्यवस्थापन प्रक्रियालाई अघि बढाएको छ ।

महानगरले बसपार्कभित्र निर्माण भएको बास्तोला कम्प्लेक्स तथा अन्य व्यापारिक सटर गरी ५०० भन्दाबढी संरचना खाली गरेपछि अहिले सुकुमवासीको वैकल्पिक व्यवस्थापन कार्य सुरु गरेको हो । बसपार्कको जग्गा अतिक्रमण गरी ५७२ परिवार बसोबास गर्दै आएका छन् । महानगर प्रमुख धनराज आचार्यले बसपार्क क्षेत्रभित्र रहेका वास्तविक सुकुमवासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन प्रक्रिया पूर्ण रूपमा पारदर्शी, न्यायोचित र तथ्यमा आधारित हुने बताउनुभयो ।

बसपार्क क्षेत्र खाली गरी दीर्घकालीन रूपमा व्यवस्थित बसपार्क निर्माण गर्ने उद्देश्यले गठित छानबिन समितिको प्रतिवेदन महानगरपालिकाले ग्रहण गरेको छ । सो समितिले गत साता महानगरलाई आफ्नो प्रतिवेदन बुझाएको थियो । महानगरले बसपार्कभित्रका संरचना हटाउने आगामी कार्यतालिका सार्वजनिक गर्दै कुनै पनि वास्तविक सुकुमवासी अन्यायमा नपर्ने र गैर वास्तविक व्यक्तिले राज्यको सुविधा लिन नपाउने स्पष्ट पारेको छ । "समितिले तयार पारेको प्रतिवेदनलाई आधार बनाएर व्यवस्थापन प्रक्रिया अगाडि बढाएका छौँ । अबको प्रत्येक चरण विधिसम्मत र प्रमाणका आधारमा अघि बढाइने भएकाले कसैले पनि हतारमा निष्कर्ष निकाल्नु हुँदैन । हामी कसैलाई अन्याय गर्ने पक्षमा छैनौँ । वास्तविक सुकुमवासी र अव्यवस्थित बसोबासीको संरक्षण गर्दै बसपार्क क्षेत्रलाई व्यवस्थित बनाउने हाम्रो उद्देश्य हो", महानगर प्रमुख आचार्यले भन्नुभयो ।

महानगरले तय गरेको सुकुमवासी व्यवस्थापन प्रक्रियाअनुसार प्रतिवेदनका सम्बन्धमा सहजीकरण समितिसँग छलफल भइसकेको र आगामी साउन १ गते वास्तविक घरधुरी विवरण र प्रतिवेदनमा समावेश तथ्याङ्को मिलान गरिनेछ । त्यसपछि साउन २ गते प्रारम्भिक नामावली सार्वजनिक गरिने र उक्त नामावलीमा समावेश नामप्रति कसैलाई दाबी, विरोध वा सुझाव भए सात दिनभित्र पेश गर्न सकिने व्यवस्था गरिएको महानगरपालिकाले जनाएको छ । प्रमुख आचार्यले सबै दाबी र प्रमाणको अध्ययनपछि मात्रै अन्तिम सूची प्रकाशन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "नामावली सार्वजनिक गरेपछि सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने पर्याप्त अवसर दिइन्छ । प्राप्त दाबी, विरोध र सुझावको अध्ययन तथा आवश्यक छानबिनपछि मात्रै अन्तिम नामावली प्रकाशित हुन्छ । त्यसैले यो प्रक्रिया कसैलाई हटाउनेभन्दा पनि सत्यतथ्य पहिचान गर्ने प्रक्रिया हो ।"

महानगरपालिकाका अनुसार सातदिने अवधि सकिएपछि अन्तिम नामावली सार्वजनिक गरिनेछ । त्यसपछि अन्तिम सूचीमा परेका परिवारलाई स्थानान्तरण गरिने स्थान यथाशीघ्र देखाइनेछ । स्थान तोकिएको मितिबाट सात दिनभित्र सम्बन्धित बस्ती खाली गर्ने प्रक्रिया सुरु गरिनेछ ।

महानगर प्रमुख आचार्यले बसपार्क क्षेत्रलाई दीर्घकालीन रूपमा व्यवस्थित सार्वजनिक पूर्वाधारका रूपमा विकास गर्न यो अभियान आवश्यक रहेको बताउँदै सार्वजनिक सम्पत्तिको संरक्षणसँगै वास्तविक सुकुमवासीको उचित व्यवस्थापन महानगरपालिकाको प्राथमिकता रहेको बताउनुभयो ।

# निःशुल्क स्वास्थ्य पोर्टलबाट दुई हजारभन्दा बढीले पाए उपचार सेवा

काठमाडौँ । सरकारले विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरेको निःशुल्क स्वास्थ्य पोर्टलमार्फत उपचार सेवा लिनेको संख्या दुई हजार २०० नाघेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार पोर्टलमा आबद्ध अस्पतालको सङ्ख्या बढ्दै गएको छ ।

सुरुमा १३ अस्पताल आबद्ध रहेकोमा अहिले यो संख्या २३८ पुगेको मन्त्रालयका प्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिनुभयो । पोर्टलमार्फत अस्पतालले आफ्नो कुल शय्या सङ्ख्या र त्यसको १० प्रतिशत बराबरको निःशुल्क शय्याको विवरण नियमित रूपमा अद्यावधिक गर्ने गरेका छन् ।

विपन्न बिरामी वा उनीहरूका आफन्तले मोबाइल र कम्प्युटरबाट कुन अस्पतालमा कति निःशुल्क शय्या उपलब्ध छ भन्ने जानकारी लिन सक्ने व्यवस्था गरिएको छ । साथै अस्पतालमा उपलब्ध रगतसम्बन्धी जानकारी पनि पोर्टलबाट हेर्न सकिनेछ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# ऐतिहासिक गहना फिर्ता गराउन कूटनीतिक पहल

काठमाडौं । तलेजु भवानीको चोरी भएको १४औं शताब्दी पुराना ऐतिहासिक गहना फिर्ता गराउन अमेरिकी सरकारका प्रतिनिधिसँग कूटनीतिक पहल सुरु भएको छ ।

काठमाडौं महानगरपलिकाका कार्यवाहक नगरप्रमुख सुनिता डङ्गोलले नेपालका लागि अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमबीच शिष्टाचार भेटका क्रममा गहना फिर्ता ल्याउन पहल सुरु गर्नुभएको हो । डङ्गोलले भन्नुभयो, “काठमाडौंबाट चोर गरी विदेशका सङ्ग्रहालयमा पुऱ्याइएका पुरातात्विक महत्व बोकेका वस्तु कानुनी र कूटनीतिक प्रक्रिया पूरा गरेर आफ्नै देशमा फर्काउने अभियानमा छौं ।” कुराकानीका क्रममा कार्यवाहक राजदूत स्कट अर्बमले राख्नुभएको जिज्ञासामा डङ्गोलले विधिको पालना र मानव अधिकारप्रति पूर्ण प्रतिबद्ध रहँदै नागरिकको अपेक्षामा आधारित योजनालाई प्राथमिकता दिएको बताउनुभयो ।

तलेजु भवानी (तुलजा भवानी) विशेषगरी नेवार समुदायकी इष्टदेवी तथा मल्लकालदेखिको शक्ति, शासन र समृद्धिको प्रतीक हुन् । उनलाई दैवीशक्ति वा मातृशक्तिका रुपमा पुजिन्छ ।

कर्नाटवंशी राजा हरिहरसिंह देवले १४औं शताब्दीमा तलेजु भवानीलाई नेपाल भित्र्याएका थिए । त्यसपछिका मल्ल राजाले तलेजुलाई आफ्नो राज्यको प्रमुख संरक्षक र कुलदेवी मानेको इतिहासमा पढ्न पाइन्छ ।

नेवार समुदायमा तलेजु भवानीलाई तान्त्रिक विधिबाट पूजा गरिन्छ। तलेजु मन्दिरका पुजारीलाई कर्माचार्य भनिन्छ। तलेजु भवानीको पूजा परम्परा गोप्य हुन्छ । हनुमान ढोका, भक्तपुर र पाटनका तलेजु मन्दिर यहाँ प्रसिद्ध छन् । उक्त मन्दिर वर्षको एकपटक अर्थात् दसैंको महानवमीका दिन मात्र सर्वसाधारणका लागि खुला गरिन्छ ।

# शैक्षिक प्रणाली सुधार गर्न दीर्घकालीन योजना चालिएको भनाई

नारायणगढ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मुलुकको शैक्षिक प्रणाली सुधारका लागि सरकारले दीर्घकालीन योजनाका साथ ठोस कदम चालेको बताउनुभएको छ । चितवनको भरतपुर विमानस्थलमा आज सञ्चारकर्मी सँग कुराकानी गर्दै मन्त्री पोखरेलले सरकारले व्यवस्थित र वैज्ञानिक तवरले शिक्षा क्षेत्रको रूपान्तरण गर्न लागेको उल्लेख गर्नुभयो ।

सामुदायिक विद्यालयको गुणस्तर बारे सोधिएको प्रश्नमा मन्त्री पोखरेलले भन्नुभयो, “हामीले समग्र रूपमा पाठ्यक्रमलाई पूर्ण रूपमा पुनःसंरचना गर्न कार्यदल गठन गरेर काम अगाडि बढाइसकेका छौं। शिक्षक तालिमका काम अगाडि बढाइएका छन् । विद्यालयको पूर्वाधार सुधारलाई प्रणालीगत र वैज्ञानिक ढङ्गले अघि बढाउने काम भइरहेको छ ।”

शिक्षा क्षेत्रमा गरिने लगानीको परिणाम आउन समय लाग्ने बताउँदै मन्त्री पोखरेलले आज लगानी गरिसकेपछि १५-२० वर्षपछि प्रतिफल देखिने भएकाले धैर्य भएर नीतिगत काम थाल्नुपर्छ भन्नुभयो । मन्त्री पोखरेलले शिक्षासम्बन्धी विधेयक आगामी पुस्ता र प्रविधिलाई समेत ध्यानमा राखेर ल्याइने प्रष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “अहिले टेक्नोलोजी, एआई कहाँ पुगिसकेको छ, त्यो सबै कुरालाई र समेट्ने यथाशीघ्र विधेयक ल्याइने छ ।”

निजी क्षेत्रलाई व्यवसाय गर्ने वातावरणका लागि सरकार सदा सकारात्मक रहेको बताउँदै उहाँले शैक्षिक परामर्शलगायत क्षेत्रमा आउनसक्ने समस्यालाई समयमै नियमन गर्न केही प्रयास गरिएको प्रष्ट पार्नुभयो ।

मन्त्री पोखरेलले विदेश अध्ययन गर्न जाने विद्यार्थी अलपत्र पर्ने समस्या अन्त्य गर्न कन्सल्टेन्सीले उचित परामर्श र मार्गदर्शन गर्न सक्नुपर्ने बताउँदै मन्त्री पोखरेलले शैक्षिक क्षेत्रलाई थप व्यवस्थित बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

# सेतीवेनीमा बढ्दै भारतीय पर्यटक

गण्डकी । स्याङ्जा, पर्वत र गुल्मी जिल्लाको सङ्गमस्थल सेतीवेनीले पछिल्लो समय धार्मिक तथा पर्यटकीय दृष्टिले थप महत्त्व पाउन थालेको छ। कालीगण्डकी नदीबाट शालिग्राम शिला भारतको अयोध्यामा लगेसँगै सेतीवेनीको शिलाको दर्शन गर्न आउने भक्तजन तथा पर्यटकको सङ्ख्यामा वृद्धि भएको हो ।

विसं २०७९ मा म्याग्दीको गलेश्वरधामस्थित कालीगण्डकीबाट लगिएको शालीग्राम अयोध्यामा प्राणप्रतिष्ठा गरिएपछि सेतीवेनी क्षेत्रमा पुगेर शालीग्रामको दर्शन गर्ने र मुक्तिनाथ जाने भारतीय पर्यटक बढिरहेको पण्डित केशवराज न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार धार्मिक आस्था बोकेको उक्त क्षेत्रको शिला दर्शकका लागि भाकल गरेमा सन्तान प्राप्त हुने, रोकिएका बालबालिकाको वाक्य खुल्ने, रोगव्याधिबाट मुक्ति मिल्ने तथा वैदेशिक रोजगारीमा सफलता प्राप्त हुने जन विश्वास छ । भाकल गरिएका विषयमा मनोकामना पूरा भएपछि भक्तजन पुनःआउने भएकाले पछिल्लो समय त्यहाँ दैनिक १०० देखि १५० जना भारतीय पर्यटक शिला दर्शन गर्न आउने गरेको पाइएको छ । कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गको पहुँच विस्तार भएसँगै त्यहाँ पुग्ने यात्रुको सङ्ख्या बढ्दै गएको छ । उहाँले भन्नुभयो, “मुक्तिनाथ दर्शनमा जाने तीर्थयात्री सेतीवेनीमा रोकिएर शिलाको दर्शन गर्छन् । मुक्तिनाथ जानुअघि त्यस शिलाको दर्शन गरे यात्रा सफल हुने धार्मिक विश्वास छ ।”

कालीगण्डकी नदीस्थित सेतीवेनी तीन जिल्लालाई जोड्ने, प्राकृतिक सौन्दर्य र धार्मिक आस्थाको सङ्गमका रुपमा रहेको छ। पण्डित न्यौपाने भन्नुहुन्छ, “यहाँ आउने पर्यटकले पूजा आराधनासहित नदी किनारको मनोरम दृश्य, शालिग्राम संस्कृतिसँग जोडिएको इतिहास र स्थानीय धार्मिक परम्पराको अनुभव गर्छन् ।” त्यस क्षेत्रको थप प्रचारप्रसार, पूर्वाधार विकास र संरक्षणका कार्यक्रम अघि बढाउन सके मुलुकको मात्र नभइ सेतिवेनी विश्वकै धार्मिक पर्यटकीय गन्तव्य एवं अनुसन्धानको केन्द्र बन्न सक्ने स्थानीयको भनाइ छ। पछिल्लो वर्षहरुमा सेतीवेनी पुग्ने पर्यटकलाई कालीगण्डकी मा गरिने जल विहार अर्को आकर्षण बनेको छ। स्याङ्जाको मिर्मीबाट सुरु हुने जलयात्राले कालीगण्डकी को मनोरम दृश्य, नदी किनारका वस्ती र प्राकृतिक सम्पदाको अवलोकनबाट पर्यटकलाई बेग्लै आनन्दको अनुभूति दिलाउने छ। यसैबीच, कालीगण्डकीमा बर्सेनि आउने बाढीले कटान गर्दै शिलाको आधार क्षेत्र कमजोर बनाएको प्रति स्थानीय चिन्तित रहेको पाइएको छ।

उहाँहरुले शिलाको दीर्घकालीन संरक्षणका लागि प्राविधिक अध्ययन गरी सुरक्षित परिक्रमा मार्ग, अवलोकनस्थल तथा संरक्षण संरचना निर्माणमा विशेष ध्यान पुऱ्याउन तीन तहकै सरकारसँग माग गर्नुभएको छ ।

# प्रशासकीय अदालतमा सबैभन्दा बढी सेवा सुविधासम्बन्धी मुद्दा

काठमाडौं। प्रशासकीय अदालतमा आर्थिक वर्ष २०८२/८३ मा सेवा सुविधासम्बन्धी मुद्दा बढी परेको छ ।




त्यस अदालतमा दर्ता भएका ५१५ मुद्दामध्ये सबैभन्दा बढी सेवा सुविधासम्बन्धी रहेको प्रशासकीय अदालतका रजिष्ट्रार सरोजराज रेग्मीले जानकारी दिनुभयो । यस आवमा उक्त अदालतमा सेवा सुविधासम्बन्धी २०२ थान मुद्दा दायर भएको थियो। अदालतमा बढुवासम्बन्धी १८७, सरुवाका १०१, विभागीय सजायका १६, अवकाश ७ र अदालतको अवहेलनासम्बन्धी दुई मुद्दा परेको रजिष्ट्रार रेग्मीले बताउनुभयो ।

ती मुद्दामध्ये यस आवमा २१३ वटा मुद्दा फैसला भएका छन् भने ३०२ बाँकी छन् । विसं २०८२ साउनबाट अधिकार क्षेत्र विस्तार भएपछि धेरै मुद्दा यस आर्थिक वर्षमा परेको उहाँले बताउनुभयो । प्रशासकीय अदालतका अध्यक्ष डा टेकबहादुर घिमिरेले प्रशासकीय अदालतको क्षेत्रधित्रकार विस्तार हुँदै गएको हुनाले यसवर्ष मुद्दाको सङ्ख्या वृद्धि भएको बताउनुभयो ।

अदालतमा विषयगत रुपमा सङ्घीय निजामती सम्बन्धित मुद्दा २२१ वटा, प्रदेश निजामती १०८, शिक्षक ९९, संस्थान/प्रतिष्ठान ४०, स्वास्थ्य २६, करारसमबन्धी तीन मुद्दा परेको छ । प्रदेशगत रुपमा बागमती प्रदेशका ३४२, मधेस प्रदेशका ६६, कोशी प्रदेशका ४०, गण्डकी प्रदेशका २०, सुदूरपश्चिम प्रदेशका १९, कर्णाली प्रदेशका १५ र लुम्बिनी प्रदेशसँग सम्बन्धित १३ वटा मुद्दा रहेको छ। निजामती वा सरकारी स्वामित्वमा रहेका सङगठित सङ्घ संस्थाका कर्मचारीलाई दिइएको विभागीय सजाय, सरुवा, बढुवा वा स्तरवृद्धि, उपदान, निवृत्तभरण वा अवकाश, समायोजन, सेवाशर्त तथा सुविधासम्बन्धी मुद्दाको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्र रहेको छ ।

# पहिलो खेपमा आठ सय ३६ नेपाली कामदार इजरायल जाँदै

काठमाडौं । इजरायलमा सुसारेका रूपमा काम गर्न निकट भविष्यमा आठ सय ३६ जना इजरायल जाने भएका छन् ।

इजरायलको जनसङ्ख्या तथा अध्यागमन प्राधिकरणले आज नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरीबास, वैदेशिक रोजगार विभागका प्रतिनिधि तथा सञ्चारमाध्यमका प्रतिनिधिको उपस्थितिमा पहिलो खेपमा इजरायल जाने कामदार श्रव्यदृश्यका माध्यमबाट चिट्ठा प्रणालीमार्फत छनोट गरेको हो ।

यहाँस्थित इजरायली दूतावासले जारी गरेको प्रेस विज्ञप्तिअनुसार चिट्ठा प्रक्रियामा एक हजार ११५ जना सहभागी भएकामा ७८४ पुरुष र ३३१ महिला चयन भएका छन् । त्यस अवसरमा राजदूत एरीबासले इजरायलको सेवाशुश्रूषा क्षेत्रमा निकट भविष्यमा थप दुई हजार १०० भन्दा बढी रोजगारीका अवसर खुल्ने जानकारी दिनुभयो । उहाँले ‘घरमा आधारित स्याहार सेवा’ तथा ‘कृषि श्रमिक’सम्बन्धी द्विपक्षीय सहमति कार्यान्वयनको चरणमा पुगेको बताउनुभयो । द्विपक्षीय श्रम सम्झौता अन्तर्गत इजरायल जाने नेपाली कामदारले इजरायली कानुनबमोजिम स्थानीय कामदारसरह न्यूनतम पारिश्रमिक तथा सेवासुविधा प्राप्त गर्नेछन् । इजरायल र नेपालबीचको श्रम सहकार्यलाई थप सुदृढ बनाउने दिशामा यो छनोट प्रक्रिया अर्को महत्वपूर्ण उपलब्धि भएको जनाउँदै दुवै देशले भर्ती प्रक्रियामा पारदर्शिता, निष्पक्षता र समान अवसरप्रतिको प्रतिबद्धता दोहोर्याएका छन् ।

# परराष्ट्रमन्त्रीसँग महावरको शिष्टाचार भेट

काठमाडौं। परराष्ट्रमन्त्री शिशिर खनालसँग भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले बिहीबार उहाँको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको छ ।

त्यस अवसरमा उहाँहरूबीच नेपाल-भारतबीच पारस्परिक हितका विविध क्षेत्रमा रहेको निकट तथा दीर्घकालीन सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। त्यसैगरी, परराष्ट्रसचिव अमृत बहादुर राईसँग पनि उहाँले बिहीबारै भेट गर्नुभयो । भेटमा नेपाल-भारतबीच जारी द्विपक्षीय सहयोगको प्रगतिबारे समीक्षा गर्दै प्राथमिकताका क्षेत्रहरूमा साझा कार्यसूची लाई अगाडि बढाउने विषयमा विचारविमर्श भएको थियो । नेपाल-भारतबीचको दीर्घकालीन मित्रता र बहुआयामिक साझेदारीप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै संस्थागत सहकार्यलाई अझ सुदृढ बनाउने तथा उच्चस्तरीय सम्पर्क र संवादको निरन्तरतालाई कायम राख्ने उपायबारे पनि छलफल भएको उक्त मन्त्रालयले जनाएको

# पत्रकारलाई उपचारमा सहुलियत

बागमती । बागमती प्रदेश सरकारले बागमती प्रदेशका पत्रकारलाई प्रदेश अस्पतालबाट स्वास्थ्य उपचार सेवामा सहुलियत दिने भएको छ। बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा प्रदेश स्वास्थ्यमन्त्री किरण थापामगरले मन्त्रीस्तरीय निर्णय अनुसार नेपाल पत्रकार महासङ्घ, बागमती प्रदेशको सिफारिसमा पत्रकारलाई स्वास्थ्य सेवमा ५० प्रतिशत सहुलियत दिने जानकारी दिनुभयो । यहाँका प्रदेश अस्पतालले आइसियु, प्रयोगशाला, एक्सरे, सिटी स्क्यान, एमआरआई, भिडियो, एक्सरे सेवामा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको हो ।

नेपाल पत्रकार महासङ्घ, बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरले मन्त्रालयको सो निर्णयबाट पत्रकारहरू लाभान्वित हुने बताउनुभयो ।

# वैदेशिक रोजगार कसुर मुद्दामा फरार दुई प्रतिवादी पक्राउ

काठमाडौं। वैदेशिक रोजगारसम्बन्धी कसुर मुद्दामा फरार दुई प्रतिवादी पक्राउ गरेका छन् ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार ललितपुर महालक्ष्मी नगरपालिका-२ इमाडोल बस्ने रूकुम मुसिकोट नगरपालिका-३ घर भएका ४७ वर्षीय रामचन्द्र खड्का र बूढानीलकण्ठ नगरपालिका पासीकोट बस्ने रूकुम पूर्व पुथा उत्तरगङ्गा गाउँपालिका-८ घर भएका ४८ वर्षीय पूर्णबहादुर मल्ल पक्राउ परेका हुन् । वैदेशिक रोजगार न्यायाधिकरणबाट गत जेठ ११ गते पक्राउ अनुमति प्राप्त भएका खड्का फरार रहेको अवस्थामा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले ललितपुरको इमाडोलबाट पक्राउ गरेको हो ।

जिल्ला अदालत ललितपुरबाट उक्त मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका मल्ल बूढानीलकण्ठबाट पक्राउ परेका हुन्।

प्रहरीले आवश्यक कारबाहीका लागि खड्कालाई वैदेशिक रोजगार विभाग र मल्ललाई जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ ।

# नेपाली उत्पादनको पहुँच सुनिश्चित गर्न आग्रह

काठमाडौं। उद्योग, वणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले अमेरिकी बजारमा नेपाली उत्पादनको पहुँच सुनिश्चितताका लागि आग्रह गर्नुभएको छ ।

यहाँस्थित अमेरिकी दूतावासका कार्यवाहक राजदूत स्कट अर्बमले बिहीबार मन्त्रालयमा गर्नुभएको शिष्टाचार भेटमा उद्योगमन्त्रीले सन् २०१५ मा सुरु भएको ‘नेपाल ट्रेड प्रिफरेन्स प्रोग्राम’ को अवधि सन् २०२५ डिसेम्बरमा पूरा भएकाले नेपाली उत्पादनलाई सो सुविधा पुनः थप गर्न आग्रह गर्नुभयो ।

मन्त्री यादवले दुई देशबीच भएको ‘व्यापार तथा लगानी ढाँचा सम्झौता’ अन्तर्गतको संयन्त्रलाई नियमित संवादमार्फत सक्रिय बनाइ द्विपक्षीय व्यापार र लगानी प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । नेपालमा नीतिगत तथा कानुनी सुधारमार्फत लगानीमैत्री वातावरण सुदृढ बनाइएको जानकारी दिँदै उहाँले थप अमेरिकी लगानीलाई आकर्षित गर्न सरकार उत्सुक रहेको बताउनुभयो ।

मन्त्री यादवले जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन पूर्वाधार, कृषि प्रशोधन, उत्पादनमूलक उद्योग र डिजिटल अर्थतन्त्र जस्ता क्षेत्रमा अमेरिकी लगानीका लागि आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

भेटमा अमेरिकी कार्यवाहक राजदूत स्कटले व्यापार सहुलियतको निरन्तरता र लगानी प्रवर्द्धनमा अमेरिका सकारात्मक रहेको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com